# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

सञ्चार मन्त्रालयका सचिव श्री विष्णुप्रताप शाह मित्रराष्ट्र चीन सरकारको निमन्त्रणामा प्रतिनिधिमण्डलको नेतृत्व गरी चीन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री उत्तमलाल श्रेष्ठलाई मिति २०४४।२।२५ देखि कायम मुकायम मुकरर गरेकोछ।

### सूचना २

परराष्ट्र मन्त्रालयका सचिव श्री नरेन्द्रविक्रम शाह भारतको राजधानी नयाँ दिल्लीमा हुने सार्क स्थायी समितिको बैठकमा भाग लिन नयाँ दिल्ली जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम(१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्रीमती विन्देश्वरी शाहलाई मिति २०४४।३।१ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले जिल्ला कार्यालय बाराका प्र.जि.अ. श्री दिव्यराम भण्डारी कार्यालयमा अनुपस्थित हुनुभएको हुँदा सो प्र.जि.अ. पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका वरिष्ठ प्रशासकीय अधिकृत श्री निरञ्जन बराललाई मिति २०४४।२।६ देखि का मु. मुकरर गरेको छ।

आज्ञाले,
केदारनिधि तिवारी
सह-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

242